# बर्दघाट नगरपालिका

नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
प्रदेश नं. ५, नेपाल

# स्थानीय राजपत्र

खण्ड-०२, वर्ष: ०२ पौष, ०९ गते २०७५ साल (संख्या: २०)

## भाग-२

बर्दघाट नगर कार्यपालिकाको मिति २०७५-०९-०९ को निर्णयबाट स्वीकृत भएको देहाय बमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## शिक्षक अनुदान वितरण तथा व्यवस्थापन निर्देशिका-२०७५

प्रस्तावना: शिक्षामा सबै वर्ग र समुदायका व्यक्तिहरुको सहज पहुंच पुर्याउन र शिक्षालाई सर्वसुलभ, व्यवस्थित र मर्यादित बनाउन, नगरपालिका भित्र क्रमश: गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै जाने उद्देश्यले,
बर्दघाट नगरपालिका क्षेत्र भित्र प्रचलित कानून अनुसार स्वीकृती प्राप्त गरी सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुको पठन पाठनमा थप सहयोग पुर्याउन वितरण गरिने शिक्षक अनुदान रकम वितरण र व्यवस्थापन कार्यलाइ थप व्यवस्थित बनाउन र एकरुपता कायम गर्नका लागि यस शिक्षक अनुदान वितरण तथा व्यवस्थापन निर्देशिका-२०७५ जारी गरिएको छ।

# परिच्छेद-१
# प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भ:

क. यो कार्यविधिको नाम "शिक्षक अनुदान वितरण तथा व्यवस्थापन निर्देशिका-२०७५" रहने छ।

ख. यो निर्देशिका तुरुन्त लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नालागेमा यस कार्यविधिमा:

क. "निर्देशिका" भन्नाले शिक्षक अनुदान वितरण तथा शिक्षक व्यवस्थापन निर्देशिका-२०७५ सम्झनुपर्छ।

ख. "मा.वि" भन्नाले ९-१० वा ९-१२ सञ्चालन भएको विद्यालय सम्झनुपर्छ।

ग. "आधारभूत (नि.मा.वि.)" भन्नाले ६-८ सम्म सञ्चालन भएको विद्यालय सम्झनुपर्छ।

घ. "विद्यालय व्यवस्थापन समिति" भन्नाले विद्यालयको विकासको लागि नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समिति लाई सम्झनुपर्छ।

ङ. "शिक्षक अभिभावक संघ" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघलाई सम्झनुपर्छ।

च. "सामाजिक परीक्षण समिति" भन्नाले विद्यालयको सम्पूर्ण पक्षको आन्तरिक परीक्षण गर्न नियमानुसार गठन भएको सामाजिक परीक्षण समितिलाई सम्झनुपर्छ।

छ. "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक एवं प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ।

ज. "शिक्षक" भन्नाले विद्यालयको प्रा.वि. तह देखि मा.वि. तह सम्म अध्यापन गर्ने व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले प्र.अ. समेतलाई जनाउँछ।

झ. "नगरपालिका" भन्नाले बर्दघाट नगरपालिकालाई सम्झनुपर्छ।

ञ. "कर्मचारी" भन्नाले विद्यालयलाई शिक्षा विकास तथा समन्वय ईकाइबाट प्राप्त दरवन्दी र अनुदान तथा विद्यालयले आफ्नो आवश्यकता अनुसार दरवन्दी सिर्जना गरी नियुक्त गरेको लेखापाल, कार्यालय सहायक, कार्यालय सहयोगी, लाईब्रेरियन, चौकीदार र स्वीपर (सफाईकर्मी) लाई सम्झनुपर्छ।

ट. "अभिभावक" भन्नाले विद्यालयमा अध्यनरत विद्यार्थीको अभिभावक भनि विद्यालयको अभिलेखमा जनिएको व्यक्ति बाबु, आमा, बाजे, बज्यै, धर्म बाबु, धर्म आमा र त्यस्ता अभिभावक नभएको हकमा विद्यार्थीलाई प्रचलित कानून अनुसार संरक्षकत्व प्रदान गर्ने व्यक्ति सम्झनु पर्छ।

ठ. "सम्वन्धित निकाय" भन्नाले बर्दघाट नगरपालिका, शिक्षा विकास तथा समन्वय इकाई, प्रदेश शिक्षा निर्देशनालय, मानव श्रोत विकास केन्द्र र शिक्षा संग सम्वन्धित संघीय तथा प्रदेश मन्त्रालयलाई प्रसंग अनुसार सम्झनुपर्छ।

३. उदेश्य: बर्दघाट नगरपालिका भित्रका मा.वि., आधारभूत (नि.मा.वि.) तथा प्रा.वि. तह

सञ्चालन भएका तर दरवन्दी वा शिक्षक अनुदान नपाएका र एक दरबन्दी वा शिक्षक अनुदान मात्र पाएका विद्यालयको पठन पाठनलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि सहयोग पुर्याउन आवश्यक भएकोले "शिक्षक अनुदान वितरण तथा व्यवस्थापन निर्देशिका-२०७५" तर्जुमा गरिएको छ।

## परिच्छेद-२
## शिक्षक अनुदान र शैक्षिक योग्यता

४. शिक्षक अनुदान वितरण: बर्दघाट नगरपालिकाबाट शिक्षक अनुदानको लागि विनियोजित रकमको परिधिभित्र रही प्रचलित कानून अनुसार स्वीकृति प्राप्त सामुदायिक विद्यालयलाई देहायका आधारमा शिक्षक अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

क. मा.वि. तह सञ्चालन भएको तर उक्त तहको दरबन्दी वा शिक्षक अनुदान नपाएका विद्यालयलाई बढीमा दुई जना माध्यमिक तहका शिक्षकका लागि।

ख. माध्यमिक तह सञ्चालन भएको तर उक्त तहको एक दरबन्दी वा शिक्षक अनुदान पाएका विद्यालयलाई बढीमा एक जना माध्यमिक तह शिक्षकका लागि।

ग. आधारभूत तह कक्षा ६-८ सञ्चालन भएको तर दरवन्दी वा शिक्षक अनुदान नपाएका विद्यालयलाई उक्त तहको बढीमा दुई जना शिक्षकका लागि।

घ. आधारभूत तह कक्षा ६-८ सञ्चालन भएको तर एक मात्र दरवन्दी वा शिक्षक अनुदान पाएका विद्यालयलाई उक्त तहको बढीमा एक जना शिक्षकका लागि अनुदान।

ङ. प्रा.वि तह कक्षा १-५ सञ्चालन भएको तर दरबन्दी वा शिक्षक अनुदान नपाएका बिद्यालयलाई उक्त तहको बढीमा दुई जना शिक्षकका लागि।

च. कक्षा १-५ सञ्चालन भएको तर एक मात्र दरबन्दी वा शिक्षक अनुदान कोटा पाएको विद्यालयलाई उक्त तहको बढीमा एक जना शिक्षकको लागि।

छ. शिक्षक अनुदानका लागि विद्यालयको छनौट गर्दा तह अनुसार कम्तिमा पैतीस जना र पुरै तह सञ्चालन नभएको विद्यालयको हकमा एउटा कक्षामा बीस जना बिद्यार्थी भएको विद्यालय छनौट गर्नु पर्नेछ र त्यस्तो विद्यालयलाई सम्वन्धित तहको एक जना शिक्षकका लागि अनुदान दिन सकिनेछ।

ज. शिक्षक अनुदानको लागि विद्यालयहरू छनौट तथा अनुदान रकम निर्धारण गर्दा नगरपालिकाबाट विनियोजित रकमको सीमा भित्र रही विद्यालयको तह, विद्यार्थी संख्याका आधारमा नगर शिक्षा समितिबाट गर्नु पर्नेछ।

५. शैक्षिक योग्यता- अनुदान रकमबाट भर्ना हुने शिक्षकको आवश्यक शैक्षिक योग्यता संघीय शिक्षा ऐन तथा नियमावली बमोजिम हुनेछ।

६. उमेदवारको योग्यता- शिक्षक भर्ना गर्दा उम्मेदवार हुन आवश्यक अन्य योग्यता संघीय शिक्षा ऐन तथा नियमावली बमोजिम हुनेछ।

# परिच्छेद-३
# पदपूर्ति र नियुक्ति

७. पदपूर्ति: (१) नगरपालिकाबाट शिक्षक अनुदानको रकम र संख्या निर्धारण भएको पत्र प्राप्त भएपछि सम्वन्धित बिद्यालयले अंग्रेजी, बिज्ञान र गणित मध्ये आवश्यकता अनुसार बिषयको शिक्षक पद प्रतियोगितात्म प्रतिस्पर्धाबाट प्रचलित कानून अनुसार निर्धारित प्रक्रिया पुर्याई छनौट गर्नु पर्नेछ। प्रतिस्पर्धाबाट छनौट भई अध्यापनरत विषय मिल्दो शिक्षकलाई निरन्तरता दिन सकिनेछ

तर आधारभूत तह कक्षा १-५ मात्र सञ्चालन भएको विद्यालयको हकमा बिद्यालयले आफ्नो आवश्यकता अनुसारको विषय शिक्षक छनौट गर्न बाधा पर्ने छैन।

(२) विद्यालयलाई आवश्यक शिक्षकको पद संख्या, आवश्यक योग्यता (विषयगतका हकमा विषय समेत उल्लेख गरी) परीक्षा हुने मिति, समय र स्थान सहित अन्य विवरण खुलाई कम्तिमा पन्ध्र दिनको म्याद दिइ स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र उक्त सूचनाको एक प्रति नगरपालिकामा समेत पठाउनु पर्नेछ .।

(३) प्रकाशित विज्ञापनमा तोकिएको म्याद भित्र पर्न आएका दरखास्त उपर प्रारम्भिक छानविन गरी आवश्यक न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूलाई मात्र थप परीक्षामा सामेल गराई प्रचलित कानून अनुसार शिक्षक पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्नु पर्नेछ।

(४) नगरपालिकाको अनुदान प्राप्त शिक्षक पदपूर्तिका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ।

क. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य –अध्यक्ष

ख. नगर शिक्षा अधिकृत वा निजले तोकेको अधिकृत वा स्रोत व्यक्ति – सदस्य

ग. नगर प्रमुखले तोकेको सम्वन्धित विषय विज्ञ २ जना– सदस्य

घ. सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य– सदस्य

ङ. सम्वन्धित बिद्यालयको प्र.अ. वा निजले तोकेको शिक्षक– सदस्य– सचिव

४. शिक्षक छनौट समितिको पदावधि सम्वन्धित पदपूर्ति कार्य समाप्त भए पछि स्वतः समाप्त हुनेछ।

५. शिक्षक छनौट समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम अनुसार लिखित परीक्षाको प्रश्न पत्र तयार गर्ने, लिखित परीक्षा सञ्चालन गरी उत्तिर्ण उमेद्वारहरुको अन्तरवार्ता लिने।

ख. सफल उमेद्वारलाई नियुक्तिको लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने।

ग. सिफारिस भएका र वैकल्पिक उमेद्वारहरुको नामावली नगर शिक्षा शाखामा पठाउने।

घ. परीक्षा सम्वन्धी अन्य कार्य गर्ने।

८. नियुक्ति र म्याद थप: (१) नगरपालिकाको अनुदान प्राप्त शिक्षकको नियुक्ति र म्याद थप देहाय अनुसार गर्नु पर्नेछ।

क. शिक्षक छनौट समितिबाट सिफारिस भएका उम्मेदवारलाई छनौट समितिबाट सिफारिस भएको मितिले सात दिन भित्र विद्यालय व्यवस्थापन समितिकबाट निर्णय गराई बढीमा एक आर्थिक बर्षको लागि करारको रुपमा प्र. अ. ले नियुक्त गरी सोको जानकारी नगर शिक्षा शाखामा दिनु पर्नेछ।

ख. छनौट समितिबाट सिफारिस भएका उम्मेदवारलाई सम्वन्धित विद्यालयले तोकिएको म्याद भित्र नियुक्ति नगरेमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयको अनुदान कोटा आवश्यकताको आधारमा अन्य विद्यालयलाई दिन सक्नेछ।

ग. नगरपालिकाले शिक्षक अनुदानलाई निरन्तरता दिएमा एक पटकमा एक आर्थिक वर्षमा नबढाई विद्यालय व्यवस्थापन समितिले करार नियुक्तिको म्याद थप गर्न सक्नेछ।

९. काम, कर्तव्यः नगरपालिकाको अनुदानबाट नियुक्ति भएका शिक्षकहरुको काम कर्तव्य नगर शिक्षा ऐनमा तोकिएको हकमा सोहि बमोजिम र नतोकिएको हकमा संघीय शिक्षा ऐन तथा नियमावली बमोजिम हुनेछ।

## परिच्छेद– ४
## तलब भत्ता

१०. तलब भत्ता:

क. नगरपालिकाको अनुदानबाट नियुक्त भएका शिक्षकले विद्यालयमा हाजिर भएको मिति देखि नगरपालिकाले तोके अनुसारको तलब मासिक वा चौमासिक रुपमा पाउनेछ।

ख. नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकले १ महिनाको खाई पाई आएको तलब बराबरको रकम चाडपर्व खर्च बापत पाउनेछ।

११. विदा:

क. शिक्षकले वर्ष भरिमा भैपरी बिदा ६ दिन , पर्व विदा ६ दिन , बिरामी १२ दिन र किरिया विदा शिक्षा नियमावलीनुसार १५ दिन, सुत्केरी विदा सुत्केरी हुनु अघि वा पछि गरी ९८ दिन र प्रसुति स्याहार विदा १५ दिन पाउनेछ। सुत्केरी बिदा र सुत्केरी स्याहार विदा सेवा अवधि भरमा बढीमा दुई पटक पाउनेछ।

ख. विदामा बस्नु पर्दा स्वीकृत लिई विदा बस्नु पर्नेछ।

ग. विरामी विदा जति भए पनि संचित गर्न सकिनेछ तर सो सञ्चित बिदा बापतको रकम पाइने छैन।

घ. विदा अधिकार नभै सहुलियत मात्र हो।

१२ . काज:

क. विद्यालयमा कार्यरत शिक्षकले विद्यालयको कामले प्र. अ. को स्वीकृतिमा बढिमा सात दिन सम्म काजमा जान सक्नेछ।

ख. काजमा जाँदा कानून अनुसार सुविधा विद्यालयले निर्णय बमोजिम उपलब्ध गराउन सक्नेछ।

ग. अनुदानबाट नियुक्त शिक्षकलाई आवश्यकतानुसार नगर शिक्षा शाखाले काजमा खटाउन सक्नेछ।

## परिच्छेद – ५
## शिक्षकको आचारसंहिता

१३. आचारसंहिता नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकले तपशिल अनुसारको आचार संहिता पालना गर्नु पर्नेछ।

क. नियमित रुपमा विद्यालयले तोकेको पोशाकमा हाजिर भई अनुशासित रुपमा तोकिएको आफ्नो जिम्मेवारी पूरा गर्ने।

ख. विधार्थी र शिक्षक बीच मर्यादित व्यवहार गर्ने।

ग. आफ्नो पेशा प्रति इमान्दार रही विद्यालयको चौतर्फी विकासमा जोड दिने।

घ. जुन सुकै परिस्थितीमा पनि विद्यालयका गोप्य राख्नु पर्ने कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रकट गर्न पाइने छैन।

ङ. पद अनुसारको आचरण पालना गर्नु पर्नेछ।

च. विद्यालयको हित विपरीत कार्यमा सहभागी भई कार्यालय घेराउ गर्ने, ताला बन्दी गर्ने, शारीरिक तथा मानसिक दबाव दिने उद्देश्यले कुनै किसिमको कार्य गर्न वा गराउन पाइने छैन।

छ. मादक पदार्थ सेवन गरी विद्यालय परिसर भित्र प्रवेश गर्न पाइने छैन।

ज. आर्थिक अनुशासन भित्र रहनु पर्नेछ।

झ. विदा बस्दा पूर्व स्वीकृति लिएर मात्र बस्नुपर्नेछ।

ञ. शिक्षक कर्मचारीले पालना गर्नुपर्ने यस कार्यविधिमा छुट भएका अन्य आचरण संघीय शिक्षा ऐन तथा नियमावलीमा उल्लेख भए अनुसार हुनेछ।

## परिच्छेद – ६
## सजाय सम्बन्धी व्यवस्था

१४. सजाय : उचित र पर्याप्त कारण भएमा नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई देहाय बमोजिमको सजाय गर्न सकिनेछ।

क. नसिहत दिने।

ख. तलब रोक्का गर्ने।

ग. आवश्यक क्षतिपूर्ति भराउने।
घ. निश्चित समयको लागि निलम्बन गर्ने।
ङ. सेवाबाट हटाउने वा बर्खास्त गर्ने।

१५. नसिहत दिने: विद्यालयमा अनुपस्थित रहने, जिम्मेवारी पूरा नगर्ने, समय पालन नगरे निजलाई नसिहत दिन सकिनेछ।

१६. तलब रोक्का गर्ने: देहायको अवस्थामा नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकको तलब रोक्का गर्न सकिनेछ।
क. अनुशासनहीन काम गरेमा,
ख. बारम्बार विद्यालयले दिएको निर्देशन पालना नगरेमा,
ग. विना सूचना विद्यालयमा अनुपस्थित रहेमा,
घ. विद्यालयको काम समयमा सम्पन्न नगरेमा,
ङ. विद्यालय प्रशासनले दिएको आदेश पालना नगरेमा,
च. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा,
छ. विद्यालयको गोपनियता भंग गरेमा
ज. यस कार्यविधी र प्रचलित कानूमा उल्लिखित आचार सहिंताको पालना नगरेमा।

१७. आवश्यक क्षतिपुर्ति भराउने: नगरपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षकले जानाजानी लापरवाही गरी विद्यालयलाई कुनै हानी नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएको क्षतिको रकम आंशिक वा पुरा निजको तलबबाट कट्टा गरी असुल उपर गरिनेछ र तलबबाट नपुग रकम निजको जायजेथाबाट असुल उपर गरिनेछ।

१८. निश्चित समयको लागि निलम्बन गर्ने: नगरपालिकाको अनुदानबाट नियुक्त कुनैपनि शिक्षकलाई सजायको आदेश दिनु भन्दा अघि कुनै विषयमा जाँच बुझ गर्नु परेमा निजलाई सजाय गर्ने अधिकारीले निश्चित समयको लागि निलम्बन गर्न सक्नेछ।

१९. सेवाबाट हटाउने वा बर्खास्त गर्ने: (१) देहायका अवस्थामा नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सक्नेछ।
क. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा,
ख. मादक पदार्थ सेवन गरी विद्यालय आएको प्रमाणित भएमा,
ग. विदा स्वीकृत नगराई ७ (सात) दिन सम्म अनुपस्थित भएमा,
घ. विद्यालयलाई हानी नोक्सानी हुने कार्य गरेमा,
ङ. विद्यालयको गोपनियता भंग गरेमा,
च. अनुशासन तथा आचरण सम्बन्धी व्यवस्था वारम्वार उल्लंघन गरेमा,
छ. मगज बिग्रेमा,
ज. विद्यालयलाई असर पर्ने गरी तथा एउटै समयमा अन्य संस्थामा काम गरेमा।

२. देहायका अवस्थामा नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाउन सक्नेछ।
   क. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,
   ख. भ्रष्टाचार गरेको प्रमाणित भएमा,
   ग. नोकरी पाउने उद्देश्यले नक्कली प्रमाण पत्र पेश गरेमा वा उमेर ढाँटेमा।

२. सजाय गर्ने अधिकारी: नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछन्।
   क. आफुभन्दा मुनिका शिक्षकलाई सचेता गराउने, गयल कट्टी गर्ने अधिकार प्रधानाध्यापकलाई हुनेछ।
   ख. शिक्षकको तलब रोक्का गर्ने तथा सेवाबाट हटाउने वा वर्खास्त गर्ने अधिकार विद्यालय व्यवस्थापन समितिलाई हुनेछ।

तर सजाय दिने अधिकारीले नगरपालिकाको अनुदानबाट नियुक्त कुनै शिक्षकलाई सजायको आदेश दिनु भन्दा अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ र सम्बन्धित शिक्षकले पनि तोकिएको म्याद भित्र आफ्नो सफाई पेश गर्नुपर्नेछ।

## परिच्छेद – ७
## विविध

२०. विविध:

क. यस निर्देशिका संशोधन गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ।

ख. यस निर्देशिका उल्लेख नभएको कुराहरुको हकमा नगर तथा सघीय शिक्षा ऐन तथा, नियमावली र शिक्षक सेवा आयोग नियमावली अनुसार हुनेछ।

ग. यस निर्देशिकामा उल्लिखित कुनै व्यवस्थाका विषयमा कुनै दुविधा भएमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

प्रमाणिकरण मिति २०७५।०९।०९

आज्ञाले,<br>
चिरञ्जीवी गिरी<br>
प्रमुख प्रशासकीय अधिकृत